मिति २०८०।०९।२० गतेको कार्यपालिका वैठकका प्रस्तावहरु

१- उद्योग तर्फको कार्यक्रम सम्वन्धमा

२- लिजाको प्रारम्भिक नतिजा सम्वन्धमा

३- वाटो मर्मत गर्दा निस्केको माटो ढुंगा मिस्कट निकासी सम्वन्धमा ।

४- आय फिर्ता अन्तरगतका योजना स्वीकृत गर्ने सम्वन्धमा ।

५- विभिन्न कार्यविधि सम्वन्धमा

६ नवप्रर्वतनमा आधाारित योजना संचालनको लागि प्रतिबद्धता सम्वन्धमा

७ विविध सम्वन्धमा

निर्णयहरु

**निर्णय नम्वर १** -उद्योग तर्फको कार्यक्रम सम्वन्धि छलफल गर्दा सशर्त तर्फ विनियोजित रकम र वित्तिय समानीकरण श्रोतवाट उद्यम विकास तर्फ विनियोजित बजेट संयुक्त रुपमा कार्यक्रम कार्यान्वयन गर्ने गरी स्वीकृत गर्ने र उद्यम विकास सहजकर्ताहरुको पारिश्रमिक समेत चालु आ.व.को आषाढ मसान्त सोही बजेटबाट व्यवस्था गर्ने ।

**निर्णय नम्वर २-** लिजाको प्रारम्भिक नतिजाको विषयमा छलफल गर्दा प्राप्त अंक सहितका अभिलेखको आधारमा जिल्ला समन्वय समिति अन्तिम छलफलको लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नम्वर ३** बाटो मर्मत गर्दा निस्केको माटो र ढुंगा मिस्कट निकासी सम्वन्धि छलफल गर्दा वडा नं ११ को गुडुरुङखोला देखि टिकरी मन्दिर सम्म र सोही वाटो अन्तरगत वडा नं १२ का स्थानहरुमा माग भएवमोजिम नियमानुसार प्राविधिकवाट अनुगमन गरि रोयल्टी लिई निकासी अनुमति दिने निर्णय गरियो ।

**निर्णय नम्वर ४-** आय फिर्ता अन्तरगतका योजना संचालन स्वीकृत गर्ने सम्वन्धमा छलफल गर्दा चालु आ.वमा आय शिर्षकमा विनियोजित रु १५०००००। बाट गत आ.व.मा आय ठेक्काबाट राजस्वमा योगदान गरेका तपशिलका वडाहरुलाई तपशिल वमोजिमको बजेट बाँडफाँड गरि सम्वन्धित वडा वाट योजना माग गर्ने निर्णय गरियो ।

तपशिल।

| सि. नं | वडाहरु | बजेट रकम रु |
|---|---|---|
| १ | वडा नं ८ | ४७५००० |
| २ | वडा नं ९ | ३६८००० |
| ३ | वडा न ११ | २१४००० |
| ४ | वडा नं १२ | १३२००० |
| ५ | वडा नं १३ | ११३००० |
| ६ | वडा नं १४ | १९६००० |
| ७ | जम्मा | १४९८०००। |

**निर्णय नम्वर ५**-विभिन्न कार्यविधि पास गर्ने सम्वन्धमा छलफल गर्दा अटोरिक्सा व्यवस्थापन कार्यविधि २०८० र माहुरी प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि २०८० को मस्यौदा उपर थप छलफल गरि आगामी वैठकवाट अन्तिम टुंगो लगाउने निर्णय गरियो ।

**निर्णय नम्वर ६** - नव प्रवर्तनमा आधारित योजना संचालनको लागी प्रतिवद्धता सम्वन्धि छलफलगर्दा श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.०८०।०८१ च. नं ३१ मिति २०८०।०९।५ को पत्र वमोजिम शितगंगा नगरपालिका उक्त कार्यक्रममा सहभागी हुन इच्छुक रहेको र सो को लागी आवश्यक पर्ने २५ प्रतिशत रकम लागत साझेदारीको रकम उपयुक्त शिर्षकवाट व्यवस्थापन गरि श्रोत निश्चित गर्ने निर्णय गरियो । साथै नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम संचालन कार्यविधि २०८०को पूर्ण पालना गर्ने प्रतिवद्धता जाहेर गर्ने निर्णय गरियो ।

**निर्णय नम्वर ७**- विभिन्न मितिमा विपद तर्फबाट प्राप्त भएको निवेदन उपर छलफल गर्दा तपशिल वमोजिमका व्यक्तिहरुलाई तपशिल वमोजिमको रकम राहत स्वरुप आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

तपशिल

क- होम वहादुर रावत, शि. न. पा. ९ रु २०,०००( वीस हजार)

ख- कर्ण वहादुर रजाली, शिन.पा ११ रु- ३००००( तीस हजार मात्र)

**निर्णय नम्वर ८**- नेपाल पर्यटन वोर्डको च. नं ४ प.स.वि २०८०।०८१ / १७ मिति २०८०।९।१२ को पत्रानुसार पर्यटन पूर्वाधार विकास कार्यक्रम अन्तरगत यस नगरपालिका वडा नं ३ स्थित डमरुदह सौन्दर्यीकरण कार्यक्रमको लागि रु ५०००००। (पाँच लाख) विनियोजन भई आएकोमा कूल लागतको कम्तिमा २० प्रतिशत आवश्यक पर्ने म्याचिङ फन्ड वापतको बजेटको सुनिश्चता गरि योजना अगाडी वढाउने निर्णय गरियो ।

निर्णय नं.९ मिति २०८०।०३।१३ गतेको निर्णयबाट २७ जना र मिति २०८०।६।२५ बाट थप २ जना सडक हेरालु नियुक्ति गरिएको र चालु आ.व.मा सडक हेरालु ब्यवस्थापनमा रु ८०००००( आठ लाख विनियोजन भएकोले नपुग हुने रु १,६५,१२०। कन्टेन्जेन्सी बाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नम्बर १०- राष्ट्रिय परिचय पत्र बिवरण दर्ता अभियानमा खटिई आएको कर्मचारीहरुलाई खाजा वापतको रु ३००। दिने भनि मिति २०८०।६।४ मा निर्णय भैसकेकोमा वडाबाट पेश भएको बिल भरपाई र प्रमाणित हाजिरी विवरण अनुसार चालु आ.व मा विविध खर्च शिर्षकबाट भुक्तानि दिने ।

निर्णय नम्बर१०- यसै नगरपालिकाको वडा नं ११ टिकरी निवासी ओम कला पेग्नी मगरले सोही स्थानमा रहेको कि. नं ६८ मा रहेको जग्गा सम्याउने र सम्याउदा निस्कने माटो निकासी गर्ने अनुमति पाउँ भनि दिएको निवेदन उपर छलफल हुदा संधियारहरुको सहमतिमा माटो निकासी गर्न नियमानुसारको रोयल्टी बुझाई निकासी गर्न लैजानको लागी अनुमति दिने ।

CamScanner